२०७०।१०।२५

# प्रेस विज्ञप्ति

**"मानव उत्तरदायित्व : वहु आयामिक तथा संयुक्त विश्व Human Responsibilities –Responsible, Plural and United World: Nepal Charter"** विषयक अन्तरक्रियात्मक कार्यक्रम विभिन्न प्रमुख दलबाट प्रतिनिधित्व गर्ने संविधानसभा नवनिर्वाचित विधायिकाले सो चार्टरको उपादेयता, सान्दर्भिकता र व्यावहारिकता विषयमा धारणा सहित र दृष्टिकोण सहित सुझाव पेश गर्दै उत्तरदायित्वको सर्वव्यापी अवधारणालाई व्यापक र दरिलो वनाउने प्रतिवद्धता व्यक्त गर्दै सम्पन्न भयो ।

उक्त अन्तरक्रियात्मक कार्यक्रम राहत नेपाल (सामाजिक संस्था) एवं अधिकार र दायित्व समुह ले सुझावको लागी आयोजना गरिएको थियो । **सो कार्यक्रममा विभिन्न प्रमुख पार्टीसंग आवद्ध सभासदहरु, माननीय अर्जुन नरसिहं के. सी, माननीय गगन कुमार थापा, माननीय सुजाता परियार, माननीय शिबजी यादव, माननीय गणेश पाहाडी, माननीय रामवीर मानन्धर, माननीय कृष्ण भक्त पोखेल, माननीय जिवन परियार, माननीय जनक सिंह चौधरी, माननीय नर बहादुर चन्द ले कार्यपत्रमा सुझाव पेश गर्नु भएको थियो।** राजनिती क्षेत्रमामा यसको अपरिहार्यता अझ बढी भएको ले यो अभियानले प्रमुख नेतादेखी सरकारसम्म घच्घच्याउदै मिलेर यो क्षेत्रमा काम गर्न आवश्यक रहेको बताए उपस्थित वक्ताहरुले, अधिकार र कर्तव्य एक अर्काका पूरक हुदाहुँदै पनि वर्तमान समाज अधिकार केन्द्रीत मात्र बन्दै गएको छ । सर्वसाधारण देखी विभिन्न पेशा, सार्वजनिक पद वा निकायमा आसिन व्यक्तित्व समेत ले आफ्नो कर्तव्य ख्याल नगर्ने प्रवृत्ति बढ्दो छ भने आफुले अधिकारको माग र प्रयोग गर्दा अरुको अधिकार हनन भएको छ कि भनेर सोच सम्म नगरेको अवस्थामा यो अभियानको को अपरिहार्य रहेको बताए ।

अधिकार र कर्तव्य संगसंगै जानु पर्नेमा यी दुईका वीचको खाडल गहिरिँदै जांदा पेशागत मुल्य मान्यता गौंढ बन्दै शिक्षित वर्ग देखि लिएर प्राकृतिक श्रोत साधनको उचित उपयोग, स्वाभिमानको रक्षा, सामाजिक सुरक्षा, कर्तव्यपालन र उत्तरदायित्व निर्वाह गर्ने विषय ओझेलमा परेको साथै सोही परिणाम स्वरुप राष्ट्रिय निती–नियम र सार्वजनिक सेवा समेत कम प्रवाभकारी हुनुको साथै समाजिक र राजनितीक संस्कारमा विचलन हुदैं समग्र आर्थिरक उन्नति र मानव विकास मा गम्भीर समस्या परेको औलाए।

उक्त बैठकमा बैठककमा कर्तव्य पालना वेगर अधिकारको संरक्षण हुन नसक्ने र अधिकारको संरक्षण विना कर्तव्य वोध हुन नसक्ने हुनाले अधिकार र कर्तव्यलाई सन्तुलित रुपमा सँगसँगै अगाडि बढाउन सके मात्र नेपालले लिएको गणतन्त्रात्मक संघीय लोकतान्त्रिक समाज सस्थागत गर्न सकिने बताउए । संविधानसभा सदस्यहरुले कर्तव्य विना अधिकार मात्र खोज्दा समाजको विकासमा सन्तुलन कायम हुन नसक्ने हुँदा अधिकार र कर्तव्य दुबै मानव हिताका दुइ पांग्रा हुन्, यिनीहरुलाई सँगसँगै अगाडि बढाउनु पर्ने धारणा व्यक्त गरे । उहाँले अधिकार र कर्तव्यलाई एक अर्काका पूरकको रुपमा प्रतिष्थापित गर्नका लागि आफूहरुले भरमग्दूर प्रयत्न गर्ने प्रतिवद्धता पनि जाहेर गरे ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको बैठक कक्षमा आयोजना भएको उक्त कार्यक्रममा अधिकार र दायित्व समुहबाट डा.बद्री पोखेल ले **"मानव उत्तरदायित्वः वहु आयामिक तथा संयुक्त विश्व"** नेपाल चार्टर मसौदा प्रस्तुत गर्नुभयो थियो, भने सदस्य डा. चपला कोइरालाको उदेश्य माथि प्रकाश पार्नु भएको थियो । यस कार्गक्रम संयोजक प्रा.डा. माधवी सिंहले दुई बुदे कार्यपत्र पेश गर्नुभयो, जसमा ***पहिलो बुदामाः*** आम नागरीकले, विषेशतः सार्वजनिक पदमा आसीन महानुभावको पत्येक कियाकलाप जनताप्रति समर्पित र उत्तरदायित्वबोध हुने स्थितीको सिर्जना गर्न अग्रसर रहने कटिवद्धताको आह्वन र ***दोस्र बुदामा*** राष्ट्रिय–अन्तराष्ट्रिय स्तरमा कुनै पनि लिखीत दस्तावेद तयार गर्दा वा नीति–नियम राष्ट्र्य कानुन वा सविधान निर्माण गर्दा व्यवहारीकता एव नैतिक मुल्य मान्यता स्थापीत गर्ने साथै उक्तरदायित्व बोध गर्न–गराउन उत्प्रेरीत गर्नु पर्ने थियो। दुवै वुदाहरुमा वक्ताहरुबाट तत्परता सहित प्रतिबद्धता व्यक्त गरीयो ।

विश्वव्यापीकरण र अन्तरनिर्भरताको सिद्धान्तले विश्वका सवै मुलुकहरु एक अर्कासँग आश्रित हुन पुगिरहेको सन्दर्भमा उत्तरदायित्व सर्वव्यापी अवधारणा वन्न पुगेको र त्यसलाई व्यापक र दरिलो वनाउन सवै जसो मुलुकमा संस्थागत व्यवस्था भएको सन्दर्भमा नेपालमा पनि राहत नेपालको छाताभित्र मानव अधिकार र दायित्व समूह नेपाल गठन भै कार्यारम्भ भैसकेको छ । यस संस्थाको अगुवाइमा कार्यक्रममा संकलित रायहरु मसौदा चार्टरमा समावेश गरी परिमार्जन गरिने छ र विभिन्न क्षेत्र र निकायसंग थप परामर्श पछि यो परिमार्जित चार्टरलाई कार्यान्वयन चरणमा लग्न नेपाल सरकारको सम्वन्धित निकायमा पेश गर्ने जमर्को गरिरहेको छ ।

माधवी सिंह

..........................

(प्रा. डा. माधवी सिंह)
संयोजक, मानव अधिकार र दायित्व समूह नेपाल
अध्यक्ष, राहत नेपाल

राहत नेपाल (सामाजिक संस्था) एवं अधिकार र दायित्व समुह
०१४४६६८५२, इमेल : info.rrcollectives@gmail.com